**परिशिष्ट**

**प्राथमिक एक प्रवेश प्रणाली (Primary One Admission)**
**(सेप्टेम्बर 2025 मा प्राथमिक एकमा भर्ना)**
**ध्यान दिनुपर्ने जानकारी**

प्राथमिक एक प्रवेश प्रणाली (Primary One Admission) (POA) लाई दुई चरणमा विभाजन गरिएको छः "विवेकी स्थानहरूमा प्रवेश" ("Discretionary Places Admission") चरण र "केन्द्रीय विनियोजन" ("Central Allocation") चरण।

## (I) विवेकी स्थानहरूमा प्रवेश (Discretionary Places Admission) चरण

- अभिभावकहरूले POA ई-प्लेटफर्म (ePOA) मार्फत **18 नोभेम्बर 2024, 10 बजे बिहान** बाट विवेकशील स्थानहरू (discretionary places admission)को भर्ना परिणामहरू हर्न सक्छन्। नतिजाहरू सबै सरकारी र सहायता प्राप्त विद्यालयहरूले पनि त्यही दिन जारी गर्नेछन्। सफल आवेदक बच्चाहरूको नाम सम्बन्धित विद्यालयहरूमा पोस्ट गरिनेछ।
- अभिभावकहरुले उनीहरुको बच्चाहरुलाई विद्यालयमा **20 वा 21 नोभेम्बर 2024** मा दर्ता गराउनुपर्छ। तोकिएको अवधिभित्र विद्यालयमा दर्ता गराउन असफल भएमा उनीहरुलाई प्रस्ताव गरिएको विवेकशील स्थान (discretionary place) जफत गरिनेछ। यदि विद्यालयले अन्ततः 2025/2026 शैक्षिक शत्रमा कुनै पनि अनुदानित P1 कक्षाहरु सञ्चालन नगरेमा, शिक्षा बिउरो (Education Bureau (EDB)) ले "विवेकी स्थानहरूमा प्रवेश" (Discretionary Places Admission) चरणमा विद्यालयद्धारा भर्ना गरिएको विद्यार्थीहरुका लागि वैकल्पिक P1 स्थानहरुको व्यवस्था गर्ने छ।

## (II) केन्द्रीय विनियोजन (Central Allocation) चरण

(a) सहभागिता

- विवेकशील स्थान (discretionary place) को प्रस्ताव नगरिएका बच्चाहरु केन्द्रीय विनियोजन (Central Allocation) मा सहभागी हुनेछन्।
- **13 देखि 19 जनवरी 2025 मा (11:59 अपरान्ह सम्म)** ePOA मार्फत विद्यालय छनोट फारम (Choice of Schools Form) पेश गर्न वा **18 देखि 19 जनवरी 2025** मा तोकिएको केन्द्रीय विनियोजन (Central Allocation) केन्द्रमा विद्यालयहरूको छनोट गर्न अभिभावकहरूलाई EDB द्वारा लिखित रूपमा सूचित गरिनेछ।
- अभिभावकहरुले 2 कोटिहरू अन्तर्गत विद्यालयहरूको छनौट गर्नेछन्:

  भाग A
  - केन्द्रीय विनियोजन (Central Allocation) को लागि विद्यालयको 10% P1 स्थानहरु यस भागको लागि छुट्याइएको छ।
  - अभिभावकहरुले कुनै पनि विद्यालय नेटहरुबाट 3 वटा सम्म विद्यालयहरु छनोट गर्न सक्छन्।

  भाग B
  - केन्द्रीय विनियोजन (Central Allocation) को लागि विद्यालयको 90% P1 स्थानहरु यस भागको लागि छुट्याइएको छ।
  - अभिभावकहरुले उनीहरुको होम नेट* को विद्यालय छनोट गर्नुपर्छ।

(b) केन्द्रीय विनियोजन (Central Allocation) को नतिजाहरु जारी हुने

- अभिभावकहरूले ePOA मार्फत **10 बजे, 4 जुन 2025** बाट केन्द्रीय विनियोजन (Central Allocation) को नतिजा हेर्न सक्छन्। साथै, केन्द्रीय विनियोजन (Central Allocation) परिणामहरू सहितको 'प्राथमिक एक दर्ता फारम' ('Primary One Registration Form') आमाबुवालाई **4 जुन देखि 5 जून 2025** सम्म हङकङ पोष्ट (HongKong Post) ले दिएको 'स्थानीय कुरियर पोस्ट' ('Local CourierPost') सेवा मार्फत POA आवेदन फारममा उपलब्ध गराइएको पत्राचारको ठेगाना अभिभावकलाई हुलाकद्वारा पठाइनेछ। पत्र घरको ढोकामा पुर्याइनेछ। हङकङ पोष्ट (HongKong Post) द्वारा वितरणको समयमा यदि मेल प्राप्त गर्ने कोही उपस्थित नभएमा, 'मेल संग्रह सूचना कार्ड' ('Mail Collection Notification Card') अभिभावकलाई अर्को कार्य दिनको दिउँसोदेखि तोकिएको पोष्ट अफिसबाट संकलन गर्न छोडिनेछ। यदि अभिभावकहरूले 6 जुन 2025 सम्म हङकङ पोष्ट (HongKong Post) ले जारी गरेको 'प्राथमिक एक दर्ता फारम' ('Primary One Registration Form') वा 'मेल संग्रह सूचना कार्ड'

(‘Mail Collection Notification Card’) प्राप्त गरेको छैन भने, उनीहरूले 7 जूनदेखि 8 जून 2025 सम्म तोकिएको ‘संकलन केन्द्र’ (‘Collection Centre’) मा ‘प्राथमिक एक दर्ता फारम’ (‘Primary One Registration Form’) संकलन गर्न सक्दछन्। अभिभावकहरूले तोकिएको अवधिमा बच्चालाई विनियोजित स्कूलको साथ दर्ता गर्नुपर्दछ। (कृपया पछिल्ला व्यवस्थाहरूका लागि EDB POA वेबसाइट हेर्नुहोस्)। यदि आमाबाबुले विद्यालय छनोट फारम (Choice of Schools Form) मोबाइल फोन नम्बर उपलब्ध गराउनुभएको छ र यो मोबाइल फोन नम्बर मार्फत केन्द्रीय विनियोजन (Central Allocation) नतिजा प्राप्त गर्न आफ्नो सहमति जनाउनु भएको छ भने, उनीहरूले जुन 4 मा SMS सन्देश मार्फत नतिजा प्राप्त गर्नेछन्।)

- अभिभावकले तोकिएको अवधिभित्र बालबालिकालाई तोकिएको विद्यालयमा दर्ता गराउनुपर्छ।

## (III) सोधपुछहरु

POA प्रणाली सम्बन्धि सोधपुछ गर्नु परेमा, School Places Allocation Section, EDB मा Mr Jimmy WAN (टेलः 2832 7640) वा Ms Esther CHAN (टेलः 2832 7636) लाई सम्पर्क गर्नुहोस्।

* NCS विद्यार्थीहरुका आमाबुवा/अभिभावकहरुलाई आफुले चिनियाँ भाषा सिक्न र समाजमा घुलमेल हुन सहज बनाउनको लागि बढि चिनियाँ भाषा प्रयोग हुने वातावरण भएको विद्यालय छनोट गर्न प्रोत्साहन गरिन्छ। आवेदक विद्यार्थी रहेको विद्यालय नेटको विद्यालयको सुचीसहित धेरै जसो सार्वजानिक क्षेत्रका विद्यालयहरुमा बढि मात्रामा चिनियाँ भाषा बोल्ने वातावरण हुन्छ। हरेक विद्यालयहरुले प्रदान गर्ने NCS विद्यार्थीहरुको लागि विद्यालय-आधारित सहायताको बारेमा हेर्नको लागि कृपया गृह-विद्यालय सहयोग समिति (Committee on Home-School Co-operation) द्धारा प्रकाशित प्राथमिक विद्यालय प्रोफाइलहरू (Primary School Profiles) अन्तर्गत रहेको “NCS विद्यार्थीहरूको लागि शिक्षा समर्थन” (“Education Support for NCS Students”) (https://www.chsc.hk/primary/en) मा हेर्नुहोस्। माथि-उल्लेखित सन्दर्भमा, यदि आमाबुवा/अभिभावकहरुलाई यस चरणमा आफ्नो बच्चाहरुलाई बढि चिनियाँ भाषा बोल्ने वातावरण भएको विद्यालयमा गाह्रो हुन्छ जस्तो लाग्छ भने, र आवेदन फारममा आवेदक विद्यार्थीले चिनियाँ भाषा सिक्ने माध्यमको रुपमा प्रयोग गर्न सक्दैनन् भनेर संकेत गर्छन् भने, केन्द्रीय विनियोजन (Central Allocation) को लागि विद्यालय छनोट फारम (Choice of Schools Form) को भाग B भर्दा, उनीहरूले आवेदक बालबालिकाको बसोबास गर्ने विद्यालय नेटमा रहेका विद्यालयहरूको सूचीबाट छनौट गर्न सक्छन् र POA 2025 को लागि ‘प्राथमिक एकमा भर्नाको लागि आवेदन फारम’ कसरी पूरा गर्ने भन्ने नोटहरूको (Notes on How to Complete the ‘Application Form for Admission to Primary One’) परिशिष्ट 3 (परम्परागत रूपमा धेरै NCS विद्यार्थीहरू भर्ना गर्ने विद्यालयहरू) लाई सन्दर्भ गर्न सक्छन्।

[अङ्ग्रेजी र नेपाली/ उर्दु/ हिन्दी/ टेगालग/ थाइ/ बहासा इन्डोनेशिया/ पन्जाबी (हिन्दी)/ भियतनामी संस्करणहरुमा भिन्नता देखिएमा, अङ्ग्रजी संस्करण लागू हुनेछ र प्रबल रहनेछ।]

(Nepali Version)